# नेपाल आयल निगम लिमिटेड

## अमलेखगञ्ज-लोथर पेट्रोलियम पाइपलाइन परियोजना

### घर भाडामा लिने सम्बन्धी सूचना ।

प्रथम पटक सूचना प्रकाशित मिति २०८२।०९।०३

नेपाल आयल निगम लिमिटेड, अमलेखगञ्ज-लोथर पेट्रोलियम पाइपलाइन परियोजनामा कार्यरत कर्मचारी आवासको घर भाडामा लिने प्रयोजनको लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ र निगमको आर्थिक प्रशासन तथा खरिद सम्बन्धी विनियमावली, २०६४ को विनियम १६५ बमोजिम तपसिल बमोजिमका घरको मापदण्ड भएका ईच्छुक व्यक्तिले देहाय बमोजिमको कागजातहरु संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले सात (७) दिन भित्र रितपूर्वक निगमको अमलेखगञ्ज-लोथर पेट्रोलियम पाइपलाइन परियोजना, रासि नगरपालिका-०१ लोथरमा प्रस्तावित घरभाडा रकम सहितको निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।साथै निवेदन पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट निवेदन पेश गर्न सकिने छ ।

तपसिलः

१। प्रस्ताव गर्ने घरमा कम्तिमा २ कोठा, हल , अट्याच ट्वालेट बाथरुम को प्रवन्ध भएको हुनु पर्नेछ,
२। भाडामा दिने घर लोथर (चितवन) देखि भणडारा सम्म हाइवेको ३५० मिटरको परिधि भित्र हुनु पर्नेछ,
३। निबेदनका साथ घर बनेको जग्गाको जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि,
४। आ.व. २०८१/८२ को सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपी,
५। घरधनीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
६। घरधनीको स्थायी लेखा नम्बर,
७। फर्म तथा संस्थाको हकमा फर्म तथा सस्था दर्ता प्रमाणपत्र,
८। फर्म नविकरण तथा कर चुक्ता र स्थायी लेखा नम्वरको प्रतिलिपी,
९। प्रस्तावित मासिक घर भाडा रकम अंक र अक्षरमा खुलाई पेश गर्नु पर्नेछ,
१०। प्रस्ताव पेश गर्दा घरधनी आँफै वा नियमानुसारको वारेस मार्फत पेश गर्नु पर्नेछ,
११। प्रस्ताव पेश गर्ने स्थान नेपाल आयल निगम लिमिटेड, अमलेखगञ्ज-लोथर पेट्रोलियम पाइपलाइन परियोजना रासिनगरपालिका, -०१, लोथर, चितवन

पुनश्चः घर बहाल सम्बन्धी शर्तहरु दुई पक्षीय वीचको आपसी संझौताको आधारमा तय गरिनेछ। रित नपुगी वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावलाई मान्यता दिईने छैन। प्राप्त प्रस्तावहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकारी निगममा सुरक्षित रहनेछ। यस सम्बन्धी थप जानकारीका लागि कार्यालय समय भित्र कार्यालयमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।

नेपाल आयल निगम लिमिटेड
अमलेखगञ्ज-लोथर पेट्रोलियम पाइपलाइन परियोजना
रासि नगरपालिका-०१, लोथर, चितवन